बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

चरिकोट, दोलखा

पत्र संख्या : २०८०/०८१

चलानी नम्बरः २०९

मितिः २०८०/०८/१२

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री सबै स्थानीय तहहरु,
दोलखा र सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०८०/०८/१२ गतेको प्रस्ताव आह्वान सम्बन्धी प्रकाशित सूचनाहरु यसै पत्र साथ संग्लग्न गरिएको छ । उक्त सूचनाहरु तहाँ पालिका र वडाहरुको सूचना पाटीमा टाँस गरिदिनु हुन अनुरोध छ ।

.........................
डा. ज्ञान बहादुर जिरेल
(कार्यालय प्रमुख)

डा. ज्ञान बहादुर जिरेल
कार्यालय प्रमुख

बोधार्थ,
श्री जिल्ला समन्वय समितिको कार्यालय, दोलखा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र चरिकोट, दोलखा

चरिकोट, दोलखा

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाको आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालनका लागि दोलखा र सिन्धुपाल्चोक अन्तर्गतका ईच्छुक पशुपालक कृषक समूह/सहकारी/निजी उद्यमीले यो सूचना प्रकाशित मितिले तिस (३०) दिन भित्र निम्न कागजातहरु संग्लग्न राखी भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट दोलखा तथा सम्पर्क कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका प्रस्तावलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपसिल,</u>

| क्र. स. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड |
|---|---|---|---|---|---|
| १. | चौरी प्रवर्द्धन कार्यक्रम | ३ (दोलखा जिल्ला-१ र सिन्धुपाल्चोक जिल्ला-२) | १५ लाख (पुंजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा लागतको बढीमा ८० प्रतिशत र चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत) | चौरीपालक कृषक समूह/निजि चौरी फार्म | समूहमा कम्तीका ५ जनाले चौरी पालेको हुनु पर्नेछ । कृषक समूहले कम्तिमा ५० चौरी पालेको हुनु पर्नेछ । निजी चौरी फार्महरुले कम्तिमा १५ चौरी पालेको हुनु पर्नेछ । |
| २. | स्थानीय बाखा विकास कार्यक्रम | २ (सिन्हाल बाखा-१ र खरी बाखा-१) | १५ लाख (पुंजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा लागतको बढीमा ८० प्रतिशत र चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत) | कृषक समूह र सहकारी | • कृषक समूहमा कम्तिमा दश (१०) जना स्थानीय जातका बाखा पालक कृषक हुनु पर्नेछ । प्रत्येक बाखापालक कृषक सदस्यसंग कम्तिमा ५ (पाँच) वटा स्थानीय जातका माउ बाखा हुनु पर्नेछ ।<br>• बाखाको अनिबार्य रुपमा बिमा गरेको हुनु पर्नेछ । |
| ३. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | ३० | १ लाख (पुंजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माणको हकमा लागतको बढीमा ८० प्रतिशत र | दुग्ध उत्पादक सहकारी संस्था | • आवेदक संस्था सूचना प्रकाशन भएको मितिमा स्थापना भएको एक (१) वर्ष पुरा भई दैनिक |

डा. ज्ञान बहादुर जिरेल
प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चालु प्रकृतिका उत्पादन सामाग्री खरिदमा बढीमा ५० प्रतिशत) | | कम्तिमा १५० (एक सय पचास) लिटर दूध संकलन गरेको हुनु पर्नेछ ।<br>• सहकारीमा दैनिक कम्तिमा १० (दश) लिटर दूध बिक्रि गर्ने १५ (पन्ध्र) जना कृषक हुनु पर्नेछ ।<br>• पशुहरुको अनिबार्य बिमा गरेको हुनु पर्नेछ । |

**आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१) कार्यविधिको अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको स्व-घोषणा पत्र र अनूसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा ।

२) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।

३) कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

४) गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिबेदन (लेखा परिक्षण गर्नुपर्नेको हकमा) र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

५) कृषक समूह/सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि ।

६) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा पाँच (५) वर्षको करार सम्झौता पत्र ।

७) कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनु पर्ने) ।

८) कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिबार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।

पुनश्चः पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखाको वेवसाइट https://vetdolakha.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

डा. ज्ञान बहादुर जिरेल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

(कार्यक्षेत्रः दोलखा र सिन्धुपाल्चोक)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
चरिकोट, दोलखा

चरिकोट, दोलखा

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०८/१२**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाको आर्थिक वर्ष २०८०/०८१ मा संचालन हुने **खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जीविकोपार्जन कार्यक्रम** संचालनको लागि दोलखा र सिन्धुपाल्चोक जिल्लाका ईच्छुक आवेदकहरुले यो सुचना प्रकाशन भएको एक्काईस (२१) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट दोलखा तथा सम्पर्क कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा आवेदन दर्ता गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त भएका आवेदनलाई कार्यक्रमको लागि समावेश गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

| कार्यक्रमको नाम | परिमाण | कार्यालयको प्रति एकाई अधिकतम प्रोत्साहन रकम रु. | आवेदक |
|---|---|---|---|
| खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जीविकोपार्जन कार्यक्रम | २० | बढीमा १ लाख वा कुल लागतको बढीमा ८० प्रतिशत | आर्थिक हिसाबले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाति, एकल महिला, दलित एवं पिछडिएका जातजातिहरु एवं उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र पशुपन्छी फार्म |

<u>संग्लग्न गर्नुपर्ने कागजातहरु</u>

१) कार्यविधिको अनुसूची-३ अनुसारको आवेदन र अनुसूची-४ अनुसारको प्रतिबद्धता पत्र,

२) संस्था दर्ता, कर चुक्ता र PAN/VAT दर्ता,

३) व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि,

४) आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक सिमान्तकृत, दलित, पिछडिएका जातिहरु खुल्ने परिचय पत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस,

५) निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको सम्बन्धित स्थानीय तहको आधिकारिक सिफारिस पत्र,

६) अन्य आवश्यक कागजाहरु ।

पुनश्चः खाद्य प्रणाली रुपान्तरणका लागि मागमा आधारित जीविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, चरिकोट, दोलखाको वेवसाइट https://vetdolakha.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ ।

डा. ज्ञान बहादुर जिरेल
...प्रमुख